# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८२/८३
सुचना न.

**माटो परिक्षणका लागी नमुना संकलन गर्ने सम्वन्धि सुचना।**

**सुचना प्रकाशित मिति- २०८३/०२/१८**

चालु आ.व.२०८२/८३ मा यस गाउँपालिकाको विनियोजित वजेट वाट निशुल्क माटो परिक्षण कार्यक्रम सन्चालन गर्नु पर्ने भएकोले आफ्नो खेतवारीको माटो परिक्षण गराउन यस गाउँपालिका भित्रका ईच्छुक कृषक,कृषक समुह,कृषि सहकारीहरुले सुचना प्रकाशन भएको मितिले ७ दिन ( **मिति- २०८३ जेष्ठ २४ गते आईतवार** ) कार्यालय समय भित्र आवश्यक माटोको नमुनामा देहायवमोजिमका व्यहोरा उल्लेख गरि दंगीशरण गाउँपालिका कृषि विकाश शाखा तथा एकिकृत सेवा केन्द्रहरुमा दर्ता गराउनुहुन सरोकारवाला सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ।

( सुचना को म्याद समाप्त हुने मितिमा सार्वजनिक विदा परेमा सुचनाको म्याद अर्को दिन कार्यालय खुल्ने समय सम्म रहने समेत जानकारी गराईन्छ।)

थप जानकारीका लागी (९८४४८२२१५७,९८०९८६५८५४)

**<u>माटोको नमुना साथमा अनिवार्य उल्लेख गर्नुपर्ने व्यहोराहरु</u>**

- कृषकको नाम थर र ठेगानाः-
- नमुना लिएको जग्गाको किसिमः- खेत/वारी/पाखो/पानि जम्ने..................
- नमुना लिएको मितिः-
- यस अघी लगाएको वाली र अव लगाउन चाहेको वालीः-
- सिचाईको अवस्थाः-
- सम्पर्क नम्वरः-
- माटोको नमुना पलास्टिक वा कपडाको झोलाम हावा नछिर्नेगरि पोको पारी ल्याउनु पर्ने छ।


  नोटः- माटोको नमुना लिने विधि जानकारी नभए कृषि विकाश शाखा वा नजिकको एकिकृत सेवा केन्द्रमा जानकारी लिन/सम्पर्क गर्न समेत अनुरोध छ।


कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।


प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।







सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।






बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पुनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि


फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।







छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै सकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

**माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:**

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई: